आज मिति २०८३ साल असोज २२ गते दिनको १० : ०० बजे सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८३/०८४ को तेश्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर वुढा | सहायक प्रशासकीय अधिकृत | |
| २ | टंक बहादुर पुन | बरिष्ट लेखा सहायक | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गण बहादुर थापा | सहयोगी | गन बहादुर |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम वुढाथोकी
अध्यक्ष

## तेश्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।

२. शुभकामना सम्बन्धमा ।

३. आ.व. २०८२/०८३ को LGPAS को स्वमूल्याङ्कन नतिजा पेश गर्ने सम्बन्धमा ।

४. कर सम्बन्धी सेवाहरु स्थानीय तहबाट प्रदान गर्ने सम्बन्धमा ।

५. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा स्वीकृत सम्बन्धमा ।

६. कानुनहरु स्वीकृत सम्बन्धमा ।

७. करार कर्मचारीका लागि दरखास्त आह्वान सम्बन्धमा ।

८. रिक्त स्थायी दरवन्दीका पदहरुमा कर्मचारी माग सम्बन्धमा ।

९. कवाडीको आय ठेक्का सम्बन्धमा ।

१०.जिन्सी सामाग्रीको लिलाम विक्रि सम्बन्धमा ।

११.लिस्ने संस्करण सम्बन्धमा ।

१२.स्थानीयको साझेदारीमा विद्यालय पूर्वाधार विकास सम्बन्धमा ।

१३.विविध छलफल सम्बन्धमा ।

## २०८३ असोज २२ गते बसेको तेश्रो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका बैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | शुभकामना सम्बन्धमा । | नेपालीहरुको महान चाड विजयादशमी, तिहार र छठ पर्वको शुभकामना व्यक्त गर्ने । | नेपालीहरुको महान चाडको रुपमा रहेको विजयादशमी, तिहार र छठ पर्वको अवसरमा सम्पूर्ण सुनिलस्मृति गाउँपालिकाबासी साथै देशभित्र वा देश वाहिर बस्नुहुने सबै नेपाली दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति समृद्धि सु-स्वास्थ्य, दिर्घायु र प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नरेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | आ.व. २०८२/०८३ को LGPAS को स्वमूल्याङ्कन नतिजा पेश गर्ने सम्बन्धमा । | आ.व. २०८२/०८३ को LGPAS को स्वमूल्याङ्कन नतिजालाई पेश गर्न आवश्कय रहेको । | आ.व. २०८२/०८३ को LGPAS को स्वमूल्याङ्कन नतिजा जिल्ला समन्वय समितिबाट पृष्ठपोषण सम्पन्न भई सकेको हुदाँ अन्तिम नतिजाका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्न आवश्कय रहेको । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | कर सम्बन्धी सेवाहरु स्थानीय तहबाट प्रदान गर्ने सम्बन्धमा । | कर सम्बन्धी सेवा गाउँपालिकाबाट सञ्चालन गर्न आवश्यक रहेको । | आन्तरिक राजश्व कार्यालय तुलसीपुरसँग समझदारी गरी कर सम्बन्धी सेवा तत्काल सञ्चालन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा स्वीकृत सम्बन्धमा । | गाउँपालिकाकालाई आवश्यक रहेको स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा स्वीकृत गर्न आवश्यक रहेको । | स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा स्वीकृत गरी तत्काल कार्यान्वयन गर्ने | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | कानुनहरु स्वीकृत सम्बन्धमा । | गाउँपालिकाकालाई आवश्यक पर्ने कानुनहरु स्वीकृत गर्न आवश्यक रहेको । | विभिन्न मितिमा बसेको कानुन मस्यौदा समितिको वैठकबाट छलफल भई सिफारिस भएको विद्यालय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यविधि, २०८३, 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन मापदण्ड, २०८३, अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८३, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८३ र विपन्न एकल महिलाहरुलाई बाख्रा कोशेली कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ लाई स्वीकृत गरी तत्काल कार्यान्वयन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | करार कर्मचारीका लागि दरखास्त आह्वान सम्बन्धमा । | गाउँपालिका अन्तर्गत रिक्त रहेको पदमा करार नियुक्तिका लागि दरखास्त आह्वान गर्न आवश्यक रहेको । | यस गाउँपालिका अन्तर्गत सञ्चालित थुम्पाकी सामुदायिक स्वास्थ्य इकाई केन्द्रमा रिक्त अ.न.मी रहेको पद र कार्यालय सहयोगी तथा क्वालिगाउँ सामुदायिक स्वास्थ्य इकाई केन्द्रमा रिक्त कार्यालय सहयोगी पदका लागि करार सेवामा नियुक्तिका लागि दरखास्त आह्वान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| ८ | रिक्त स्थायी दरवन्दीका पदहरुमा कर्मचारी माग सम्बन्धमा । | गाउँपालिका तथा मातहतका कार्यालयहरुमा रिक्त रहेको दरवन्दीमा कर्मचारी मागका गर्न आवश्यक रहेको । | गाउँपालिका तथा अन्तर्गत कार्यालयहरुमा स्वीकृत दरवन्दी बमोजिमका रिक्त रहेका पदहरुमा कर्मचारी मागका लागि प्रदेश लोकसेवा आयोगमा पठाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ९ | कवाडीको आय ठेक्का सम्बन्धमा । | कवाडीको आय ठेक्का लगाउन आवश्यक रहेको । | गाउँपालिका भित्र रहेका कवाडीहरुको न्यूनतम दररेट निर्धारणका लागि स्थानीय राजश्व परामर्श समितिमा पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १० | जिन्सी सामाग्रीको लिलाम विक्रि सम्बन्धमा । | जिन्सी सामाग्रीहरुको लिलाम विक्रि गर्न आवश्यक रहेको । | यस अगाडी बिभिन्न मितिमा लिलाम बिक्री सम्बन्धी प्रकाशित सूचना अनुसार मालसामानको प्रकृति बमोजिम विभाजन गरी विभिन्न प्याकेजिङमा वोलपत्रको सुचना प्रकाशित भएकोमा प्याकेजमा समावेश सम्पूर्ण सामानको एकमुष्ट लिलाम विक्रि हुन नसकेका कारण मालसामानहरुको पुनःमूल्याङ्कन गरी प्याकेजमा विभाजन भएका सम्पूर्ण सामानहरु एकमुस्ट लिलामीमा नगए पनि कायम भएको प्रति इकाई मुल्यमा नघट्ने गरी जे-जति मालसामानको लिलामी विक्रि हुन्छ लिलाम विक्रि गर्ने गरी स्वीकृत प्रदान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ११ | लिस्ने संस्करण सम्बन्धमा । | सन-स्टार युवा क्लव, रोल्पाको आयोजना तथा सुनिलस्मृति गाउँपालिकाको समन्वयमा सञ्चालन हुन लागेको साहित्यिक तथा साङ्गीतिक गुञ्जनका लागि सहयोग गर्न आवश्यक रहेको । | सन-स्टार युवा क्लव, रोल्पाको आयोजना तथा सुनिलस्मृति गाउँपालिकाको समन्वयमा सञ्चालन हुन लागेको साहित्यिक तथा साङ्गीतिक गुञ्जनका लागि सन-स्टार युवा क्लव, रोल्पाको मिति २०८३/०६/१४ गतेको समन्वय तथा सहयोग सम्बन्धी पत्रानुसार चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम "कार्यक्रम खर्च" शिर्षक अन्तर्गत खाना, नास्ता तथा इन्धन वापत रु. ८००००।- (अक्षरुपी असी हजार रुपैया मात्र) सहयोग उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १२ | स्थानीयको साझेदारीमा विद्यालय पूर्वाधार विकास सम्बन्धमा । | नेपाल सरकार-शसर्त अनुदान पुँजिगत तर्फ विनियोजित स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकासका लागि विद्यालय छनौट गर्न आवश्यक रहेको । | नेपाल सरकार-शसर्त अनुदान पुँजिगत तर्फ स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार विकास अनुदान खर्च शिर्षकमा विनियोजित रु. ६००००००।- (अक्षरुपी साठी लाख रुपैया मात्र)बाट वडा नं. ५ को श्री सुर्योदय आधारभूत विद्यालय क्वालिगाउँको भवन निर्माणका लागि छनौट गरी निर्माण प्रकृया तत्काल अगाडि बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

| | | | | |
|---|---|---|---|---|
| १३ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) "घ" वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्बन्धमा । | क) मिति २०८३ असोज १६ गते बसेको सुनिलस्मृति गाउँपालिकाको घ वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा (२) बमोजिमको समितिबाट योग्यता भए नभएको सम्बन्धमा जाँचबुझ गरी कार्यपालिकामा सिफारिस भएका पि.एस.मल्टिभेन्चर प्रा.लि. सुनिलस्मृति गाउँपालिका-८, रोल्पा र क्रिष्टी इन्जिनियरिङ एण्ड कन्सट्रक्शन प्रा.लि. सुनिलस्मृति गाउँपालिका-८, रोल्पालाई "घ" वर्गको इजाजतपत्र दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ख) स्थानीय कार्यान्वयन समितिको वैठक अनुमोदन सम्बन्धमा । | ख) मिति २०८३/०६/२१ गते बसेको "रोजगार,सीप तथा उद्यमशीलता" सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यबिधि, २०८३ को दफा ४० को (१) अनुसार गठित स्थानीय कार्यान्वयन समितिका बैठकलाई अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

२०८२/०३/२२
नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

नणिराम पुडासैनी
अध्यक्ष